फर्म नं. ९.३ (क)

............................................ बैंक/वित्तीय संस्था

**प्रयोजन अनुसारको (Productwise) कर्जा सापटको विवरण**

२०..../..........महिना (मासिक)

(रु.लाखमा)

| सि.नं. | विवरण | गत महिनाको | | यस महिनाको | |
|---|---|---|---|---|---|
| | | संख्या | रकम रु. | संख्या | रकम रु. |
| १. | **आवधिक कर्जा** | | | | |
| | (क) औद्योगिक संस्था | | | | |
| | (ख) व्यापारिक संस्था | | | | |
| | (ग) सेवा व्यवसाय संस्था | | | | |
| | (घ) अन्य | | | | |
| २. | **ओभरड्राफ्ट** | | | | |
| | (क) औद्योगिक संस्था | | | | |
| | (ख) व्यापारिक संस्था | | | | |
| | (ग) सेवा व्यवसाय संस्था | | | | |
| | (घ) अन्य | | | | |
| ३. | **ट्रष्ट रिसिप्ट कर्जा/आयात कर्जा** | | | | |
| | (क) औद्योगिक संस्था | | | | |
| | (ख) व्यापारिक संस्था | | | | |
| | (ग) सेवा व्यवसाय संस्था | | | | |
| | (घ) अन्य | | | | |
| ४. | **डिमाण्ड तथा अन्य चालू पूंजी कर्जा** | | | | |
| | (क) औद्योगिक संस्था | | | | |
| | (ख) व्यापारिक संस्था | | | | |
| | (ग) सेवा व्यवसाय संस्था | | | | |
| | (घ) अन्य | | | | |
| ५. | **Real Estate Loan** | | | | |
| | (क) घर जग्गा विकास कम्पनी/फर्महरु | | | | |
| | (ख) १ करोडभन्दा बढी रकमको व्यक्तिगत कर्जा | | | | |
| | (ग) रु.५० लाखदेखि रु.१ करोडसम्मको व्यक्तिगत कर्जा | | | | |
| | (घ) रु.२५ लाखदेखि रु.५० लाखसम्मको व्यक्तिगत कर्जा | | | | |
| | (ङ) अन्य | | | | |
| ६. | **मार्जिन प्रकृतिको कर्जा** | | | | |
| | (क) १ करोडभन्दा बढी रकमको कर्जा | | | | |
| | (ख) रु.५० लाखदेखि रु.१ करोडसम्मका कर्जा | | | | |
| | (ग) रु.२५ लाखदेखि रु.५० लाखसम्मको कर्जा | | | | |
| | (घ) रु.२५ लाखभन्दा कम रकमको कर्जा | | | | |
| ७. | **आवासीय घर कर्जा** | | | | |
| ८. | **हायरपर्चेज कर्जा** | | | | |
| | (क) व्यापारिक प्रयोजन | | | | |
| | (ख) व्यक्तिगत प्रयोजन | | | | |
| ९. | **विपन्न वर्ग कर्जा** | | | | |
| १०. | **विल्स खरीद** | | | | |
| ११. | **अन्य प्रोडक्टहरु** | | | | |
| | (क) क्रेडिट कार्ड | | | | |
| | (ख) शैक्षिक कर्जा | | | | |
| | (ग) साना तथा मझौला उद्यमी कर्जा | | | | |
| | (घ) ........................................ | | | | |
| | (ङ) ........................................ | | | | |
| | (च) ........................................ | | | | |
| | **कूल** | | | | |

प्रष्टिकरण :-

१. आवधिक कर्जा :

यस अन्तरगत पर्ने आवधिक कर्जा (Term Loan) भन्नाले पुंजीगत प्रकृतिको खर्चको लागि एक वर्षभन्दा वढी अवधिको लागि प्रवाह भएको कर्जालाई सम्झनु पर्दछ । एक वर्षभन्दा कम अवधिको आवधिक कर्जा भएमा डिमाण्ड तथा अन्य चालू पूंजी कर्जा शीर्षकमा जनाउनु पर्नेछ । त्यसैगरी किस्तावन्दीमा वा एकमुष्ट असुल गर्ने गरी प्रवाहित कुनै पनि अवधिको आवासीय घर कर्जा, रियल स्टेट कर्जा, हायरपर्चेज कर्जा लगायतका अन्य शीर्षकमा पर्ने गरी प्रवाहित आवधिक कर्जा यस अन्तरगत नजनाई सम्वन्धित शीर्षकमा नै जनाउनु पर्नेछ ।

२. ओभरड्राफ्ट कर्जा :

ओभरड्राफ्ट सुविधा उपलब्ध गराउन पाउने बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना व्यक्तिगत वा संस्थागत ग्राहकहरुलाई ओभरड्राफ्ट सीमा प्रदान गरी वा चल्ती निक्षेप खातामा ओभरड्र सुविधा उपलब्ध गराई कर्जा प्रवाह गरी वक्यौता रहेको रकम यस शीर्षकमा जनाउनु पर्नेछ ।

३. ट्रष्ट रिसिप्ट कर्जा/आयात कर्जा :

प्रतितपत्र मार्फत सामान आयात गर्ने प्रयोजनको लागि उपलब्ध गराइएको आयात कर्जालाई ट्रष्ट रिसिप्ट कर्जाको रुपमा जनाउनु पर्नेछ भने यस शीर्षक अन्तरगत आयातको लागि प्रवाह गरिएको अन्य कर्जाहरु भएमा त्यस्ता अन्य आयात कर्जाहरुलाई समेत समावेश गरी यसै शीर्षक अन्तरगत जनाउनु पर्नेछ ।

४. डिमाण्ड तथा अन्य चालू पूंजी कर्जा :

डिमाण्ड तथा अन्य चालू पूंजी कर्जा अन्तरगत Hypothecation, Working Capital, Short Term Loan, Demand Loan, Time Loan, Cash Credit लगायतका अन्य चालू पूंजी प्रकृतिका सवै कर्जाहरु समावेश रहने छन् ।

५. रियल स्टेट कर्जा सापट :

रियल स्टेटको लागि प्रवाह गरिएको कर्जा सापट भन्नाले निम्नानुसारको कर्जा सापटलाई सम्झनु पर्दछ ।

(क) कुनैपनि जग्गा विकास तथा भवन निर्माण गर्ने उद्देश्यले स्थापित फर्म, कम्पनी वा संस्थालाई प्रवाहित कर्जा ।

(ख) कुनै प्रयोजन नखुलाई जग्गा, जमिन वा भवन धितो राखी प्रवाह भएका रु.२५ लाखभन्दा वढी रकमका कर्जाहरु । बैंक तथा वित्तीय संस्थाहरुले विना प्रयोजन जग्गा, जमिन वा भवन धितो राखी प्रवाह गर्ने गरी विभिन्न प्रोडक्टहरु (जस्तैः Personal Loan, Mortgage Loan, Flexi Loan आदि) मार्फत कर्जा प्रवाह गरेको भएमा रु.२५ लाखभन्दा वढी रकमका त्यस्ता सवै कर्जाहरु समेत Real Estate कर्जाको रुपमा गणना गर्नु पर्नेछ ।

तर निम्नलिखित कर्जाहरुलाई Real State कर्जा मानिने छैन ।

(अ) अन्य नियमित आयश्रोतले धान्ने गरी Residential प्रयोजनको लागि प्रवाह गरिएको घर कर्जा (Home/House Loan)।

(आ) जग्गा विकास तथा भवन निर्माणमा संलग्न नरहेका व्यापारिक फर्म कम्पनीले आफ्नो नियमित व्यापारिक कर्जाको लागि अन्य सुरक्षणका अतिरिक्त घर जग्गा धितो राखेका कर्जाहरु ।

६. मार्जिन प्रकृतिको कर्जा सापट :

कुनै पनि व्यक्ति वा संस्थालाई कर्जा सापट प्रवाह गर्दा कुनै सूचीकृत कम्पनीको शेयर वा डिवेञ्चर सुरक्षणको रुपमा धितो लिई प्रवाह भएका कर्जालाई मार्जिन प्रकृतिको कर्जा सापटको रुपमा लिइने छ ।

तर, अन्य प्रयोजनका लागि प्रवाहित कर्जामा थप वा अतिरिक्त सुरक्षणस्वरुप सूचीकृत कम्पनीको शेयर वा डिवेञ्चर धितो राखेको अवस्थामा त्यस्तो कर्जालाई मार्जिन प्रकृतिको कर्जा मानिने छैन ।

७. **आवासीय घर कर्जा** :

यस शीर्षक अन्तरगत बैंक/वित्तीय संस्थाले ग्राहकको आयश्रोत हेरी सो श्रोतले पर्याप्त धान्ने गरी किस्ता कायम गरी घर निर्माण वा खरीदको लागि प्रवाह गरेको आवासीय घर कर्जा (Home/Housing Loan) को वक्यौता रकम जनाउनु पर्नेछ ।

८. **हायरपर्चेज कर्जा** :

यस अन्तरगत व्यापारिक हिसावले भाडामा संचालन गर्ने गरी वा प्रयोग गर्ने गराउने गरी कुनै सवारी साधन वा सामान खरीद गर्न प्रवाह गरिएको कर्जालाई हायरपर्चेज कर्जा अन्तरगतको व्यापारिक प्रयोजनमा जनाउनु पर्नेछ भने अन्तिम प्रयोगकर्ता (End User) आफैले प्रयोग गर्ने गरी सवारी साधन वा सामान खरीद गर्न वित्तीय सुविधा उपलव्ध गराई वक्यौता रहेको रकम व्यक्तिगत हायरपर्चेज कर्जा अन्तरगत जनाउनु पर्नेछ । हायर पर्चेज प्रकृतिका तर अन्य प्रोडक्ट (जस्तैः Auto Loan, Vehicle Loan आदि) अन्तर्गत प्रवाह भएका कर्जा समेत यस शीर्षकमा समावेश गर्नुपर्नेछ ।

९. **विपन्न वर्ग कर्जा** :

नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही प्रवाह गर्नु पर्ने निर्देशित विपन्न वर्ग कर्जाको वक्यौता रकम यस शीर्षकमा जनाउनु पर्दछ ।

१०. **विल्स खरीद** :

बैंक वित्तीय संस्थाले खरीद गरी लिएको चेक, ड्राफ्ट, निर्यात विलको वक्यौता रकम यस शीर्षकमा जनाउनु पर्दछ ।

११. **अन्य प्रोडक्टहरु** :

बैंक तथा वित्तीय संस्थाले प्रयोगमा ल्याएका माथि उल्लेख भएदेखि वाहेकका अन्य प्रोडक्टहरु भएमा यस शीर्षक अन्तरगत उल्लेख गर्दै जानु पर्नेछ । यसरी उपरोक्त १ देखि यस शीर्षकसम्मको सम्पूर्ण रकमको कूल योग बैंक/वित्तीय संस्थाको सो मितिको कुल कर्जा सापट रकमसंग मेल खानु पर्नेछ ।

१२. **औद्योगिक संस्था** :

कुनै पनि वस्तु उत्पादन गर्ने, अर्थात कच्चा पदार्थ वा अर्धतयारी सामानको प्रयोगवाट निश्चित मानव/मेशिनरीको प्रयोग गरी मूल्य अभिवृद्धि गराई तयारी वस्तु उत्पादन गर्ने खालका संस्थालाई गएको कर्जा सापटलाई यस उपशीर्षकमा जनाउनु पर्छ । जस्तो :- स्टील उद्योग, सिमेण्ट उद्योग, विजुली उत्पादन, जुट उद्योग, वायर उद्योग, कार्पेट उद्योग, गार्मेण्ट उद्योग आदि ।

१३. **व्यापारिक संस्था** :

कुनै थप प्रोसेसिंग नगरी तयारी सामान खरीद/विक्री गर्ने व्यवसायिक संस्थालाई गएका कर्जाहरुको बक्यौता रकम यस उपशीर्षक अन्तरगत जनाउनु पर्नेछ । जस्तैः- राष्ट्रिय व्यापार निगम, साल्ट ट्रेडिङ्ग लि., जनरल ट्रेडिंग आदि ।

१४. **सेवा व्यवसाय संस्था** :

कुनै पनि वस्तु उत्पादन गर्ने वा खरीद विक्री गर्ने नभई ग्राहकलाई सेवा प्रदान गर्ने अभिप्रायले स्थापित संस्थालाई गएको कर्जा सापटलाई यस उपशीर्षक अन्तरगत जनाउनु पर्नेछ । यस्ता संस्था नाफमुखि वा परोपकारी संस्था दुवै हुन सक्नेछन् । जस्तैः दूर संचार, स्कूल/कलेज, नर्सिङ्ग होम, हस्पिटल, होटल आदि ।